# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

करैया, बारा

मधेश प्रदेश, नेपाल

## फिल्ड सहायक (राजपत्र अनङ्कित द्वितीय श्रेणी) पद करारमा पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७८/१२/२५)**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस पालिकामा रहने सेवा इकाईमा फिल्ड सहायक पद रिक्त भएकोले उक्त पदमा खुल्ला प्रतिस्पर्धाद्बारा करारमा नियुक्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन :-**

| विज्ञापन नं. | पद | आवश्यक संख्या | तह/श्रेणी | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०७८/०७९ | फिल्ड सहायक | १ | रा.प.अन.द्वितीय | रु. ३०० | |

**माथि उल्लिखित पदका लागि**

१. **शैक्षिक योग्यता :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको।

२. **उमेर** : दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भै ४० बर्ष ननाघेको ।

३. **तलबः-** नेपाल सरकारको नियमानुसार

४. **दरखास्त दिने स्थानः-** करैयामाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, करैया, बारा ।

५. **दरखास्त दिने अन्तिम मितिः-** २०७९/०१/०९ गते शुक्रबार कार्यालय समयभित्र ।

६. **करार अवधि** : २०७९ असार मसान्त सम्म । काम सन्तोषजनक भएमा आयोजना करार सम्झौता नविकरण गर्न सकिन्छ ।

७. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको ।

८. **दरखास्त फाराम भर्दा पेश गर्नुपर्ने कागजातहरुः**
   - क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - ख) पासपोर्ट साईजको फोटो (हालसालै खिचेको) -२ प्रति
   - ग) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र(Transcript)
   - घ) न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षक योग्यता भएमा सोको लब्धांकपत्र (Transcript)
   - ङ) कार्यानुभव भएमा सोको प्रमाणपत्र
   - च) कम्प्यूटर तालिमको प्रमाणपत्रको प्रतिलिपि

९. **छनौटका आधार** : संक्षिप्त सूचि प्रकाशन र अन्तर्वार्ता। सम्बन्धित स्थानीय तहका बासिन्दालाई विशेष प्राथमिकता दिइनेछ ।

**नोटः-** थप जानकारीको लागि कार्यालयको सम्पर्क नं. ९८५५०४८९८० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

(आवेदनको ढाँचा लगायत अन्य जानकारी https://karaiyamaimun.gov.np र https://donidcr.gov.np/ मा उपलब्ध छ ।)

**प्रमुख प्रशासकीय अधिकृत**